मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
पत्र संख्या :- २०८२/०८३
चलानी नं :-
गण्डकी प्रदेश, नेपाल

सूचना नं :-०१।२०८२।८३

मिति :-२०८२।०९।२४

## तहवृद्धि सम्वन्धी सूचना ।

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था बमोजिम तपशिलमा उल्लेखित सर्तहरु पुरा भएका मोदी गाउँपालिकामा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले यस कार्यालयको वेव साइट http://modimun.gov.np मा राखिएको तह वृद्धिको आवेदन फाराम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फाराममा उल्लेखित विवरण खुलाई ४ प्रति तयार गरी सम्बन्धित शाखा प्रमुख बाट प्रमाणित गराई मिति २०८२।०९।३० गते कार्यालय समय भित्र कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सुचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात सम्लग्न नभएका आबेदनलाई स्तरवृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**१) स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

क. अधिकृत स्तर छैटौं , आठौं र दशौं तह (प्रविधिक /अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमश : सहयक पाचौं, अधिकृत स्तर सातौं र अधिकृत स्तर नबौं तहको पदमा पाँच बर्ष सेवाअवधि पुरा भएको हुनु पर्ने ।

ख. अधिकृत स्तर छैटौं , आठौं र दशौं तह (प्रविधिक /अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमश : सहयक पाचौं, अधिकृत स्तर सातौं र अधिकृत स्तर नबौं तहको पदमा पाँच बर्षको कार्य सम्पादन मुल्याङ्कमा कम्तिमा ९५ % अंक प्राप्त गरेको हुनु पर्ने ।

ग. स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन २०७९ को दफा ३१ बमोजिम तह वृद्धिको लागी सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्ने ।

**२) स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

क. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ दफा २७ को उपदफा (३) बमोजिम (स्वास्थ्य सेवा ऐन २०५३ एवं नियमावली, २०५५) बमोजिमको सेवा सर्त र अवधी पुरा गरेको हुनु पर्ने ।

वासुदेव पुरी
प्रमुख प्रशासकीय अधिकृत

ख. स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तर वृद्धिको लागी आवश्यक पर्ने कागजात सम्लग्न गरेको हुनु पर्ने ।

ग. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकारात्मक सुचिमा नपरेको हुनुपर्ने ।

घ. स्वास्थ्य सेवा नियमावली, २०५५ अनुसुची (११) बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधीको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र । ( साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हजिरी एवं अवधी खुल्ने कागजातहरु, कामकाज गर्न खटाईएको पत्र, रमाना पत्र र हाजिरीको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने)

ङ. साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्ति भएका कर्मचारीहरुले यस गाउँपालिकामा समायोजन भएको पत्रको प्रतिलिपि ।

च. स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा ३१ बमोजिम तह वृद्धिको लागी सम्भाव्य उमेद्वार हुन अयोग्य नभएको हुनु पर्ने ।

**३) स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनुपर्ने तथा सम्लग्न गर्नु पर्ने अन्य कागजातहरु :**

क. आवेदन फारामको सम्पुर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरण स्पस्ट खुलाउनु पर्ने छ ।

ख. सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।

ग. तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तर वृद्धिको प्रमाणित प्रतिलिपि ।

घ. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम मोदी गाउँपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापन पत्रको प्रतिलिपि ।

ङ. अध्यावधिक कर्मचारिको विवरण (PIS) ।

..............................

बाबुराम पुरी

प्रमूख प्रशासकीय अधिकृत